# पाँच



**ओम शर्मा**

**ओम शर्मा** गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष हुनुहुन्छ। यसअघि उहाँ माओवादी निकट *जनादेश* साप्ताहिकसँग सम्बन्धित हुनुहुन्थ्यो र भूमिगत रूपमा पत्रकारितामा क्रियाशील हुनुहुन्थ्यो । उहाँले *जन आह्वान* साप्ताहिक र *जनदिशा* दैनिकमा पनि काम गरिसक्नुभएको छ । सङ्कटकाल सुरु हुँदा २०५८ मङ्सिर ११ मा उहाँ *जनदिशा* दैनिकको कार्यालयबाट अरू सहकर्मीसहित गिरफ्तार हुनुभयो र १५ महिनापछि सर्वोच्च अदालतले निर्दोष ठहऱ्याएपछि रिहा हुनुभयो । 'क्रान्तिकारी पत्रकार सङ्घ नेपाल' को महासचिव समेत रहनुभएका शर्माको सह-लेखन/सम्पादनमा *युद्ध पत्रकारिता* नामक पुस्तक प्रकाशित छ ।

**लामो समय पार्टी पत्रकारिता गरेर भरखरै तपाईं गोरखापत्र संस्थानको अध्यक्ष बन्नुभएको छ। अब के गर्ने योजना छ त ?**

मैले लामो समय तपाईंको भाषामा 'पार्टी पत्रकारिता' गरेँ तर हाम्रो भाषामा जनताको पत्रकारिता गरेँ अर्थात् जनपक्षीय पत्रकारिता गरेँ । तर्क उठ्न सक्छ– पत्रकारिता पनि जनपक्षीय र जनविरोधी हुन्छ र ? हुन्छ सत्ता प्रतिष्ठानहरू, नाफाखोर व्यापारीहरूको उद्योग फस्टाइदिन गरिने पत्रकारिता जनताको पत्रकारिता हुन सक्दैन । म हिजो पनि जनताको पत्रकारिता गरिरहेको थिएँ, गोरखापत्र संस्थानको अध्यक्ष भए पनि म जनताको पत्रकारिता गरिरहन्छु । जिम्मेवारी र भूमिका फरक छ । पहिले म आफूले स्वीकार गरेको विचारलाई मात्रै पक्षपोषण गर्थें । अब यहाँ जनयुद्ध र जनआन्दोलनमा अभिव्यक्त धेरै विचारहरूलाई स्थान दिनुपर्छ । मुख्यतः हाल व्यवस्थापनको काममा बढी व्यस्त हुनुपर्छ । नेपालको पत्रकारिताको इतिहास बोकेको गोरखापत्र संस्थानको अवस्था कङ्काल जस्तै छ । त्यसमा मांसपेशी भर्ने काममा मेरो कार्यकालभर लागि पर्नेछु ।

**अहिले नेपाली प्रेसको स्वतन्त्रताको अवस्था कस्तो छ ? यसमाथि कस-कसबाट खतरा छ ? यसलाई सुनिश्चित गर्न के गर्नुपर्ला ?**

अहिले एक हिसाबले नेपालको प्रेस स्वतन्त्रताको अवस्था सन्तोषजनक छ । कम्तीमा राज्यसत्ताको उत्पीडनमा अहिलेको प्रेस छैन । आलोचनाको स्वतन्त्रता र आवश्यकताको बौद्धिक कार्य गर्न छुट छ । अझ रमाइलो कुरा सरकारी सञ्चारमाध्यमहरू पनि स्वयं सत्तारुढ दल र नेतृत्वको आलोचना गर्न स्वतन्त्र छन् । छापा मात्रै होइन विद्युतीय सञ्चारमाध्यमहरू पनि भरपूर क्रियाशील भएका छन् तर प्रेस स्वतन्त्रतामाथि खतरा छैन भन्ने चाहिँ होइन । न्याय, स्वतन्त्रता र मुक्तिका लागि कलम चलाउने कलमजीवीहरूको लागि अझै खतरा छँदैछ । किनकि अग्रगामी विचारको प्रचार अग्रगामी प्रेसले मात्रै गर्न सक्छ । यथास्थितिवादी र प्रतिगामी विचार र सङ्गठनहरू नै नेपाली प्रेस स्वतन्त्रताका बाधक हुन् । ठोसमा भन्नुपर्दा हाल पर्दा पछाडि लुकाइएको राजतन्त्र, उसले करोडौँ लगानी गरेर सक्रिय बनाएका विभिन्न आपराधिक समूहहरू जो तराईमा बढी सक्रिय छन् उनीहरूबाट नेपाली प्रेस खतरामा छ । प्रेस स्वतन्त्रताको अर्को खतरा नाफाखोर मालिक हुन् । प्रेस उद्योगमा लगानी गर्ने नाफाखोर मालिकहरू आफ्नो पूँजी वृद्धि गर्न सम्पादकीय स्वतन्त्रता कुण्ठित गर्न लागि परेका छन् । अन्ततः प्रेसलाई ठूलाबडाहरूको भजन गाउने र गरिबहरूको विद्रोहलाई आतङ्क भन्न लगाउने काममा ठूला सञ्चारगृहका मालिकहरू लागेका उदाहरण हामीले

पछिल्लो डेढ दशकको इतिहासबाट बुझिसकेका छौँ । तसर्थ प्रेस स्वतन्त्रताको जगेर्ना गर्न सञ्चार क्षेत्रमा कार्यरत बौद्धिक कार्य गर्ने श्रमजीवीहरूबीच बलियो एकता हुनुपर्छ, जसले राज्य/गैरराज्य जोसुकै प्रेस स्वतन्त्रताको शत्रुविरुद्ध आमजनतालाई समेत परिचालन गर्ने हैसियत राखोस् । खालि ऐन कानुन बनेर मात्र पनि प्रेस स्वतन्त्रता सुनिश्चित नभएको विगतका उदाहरण हामीसँग छन् ।

**२०६४ साउन/भदौ ताका माओवादी निकट प्रेस मजदुरको हडतालले गर्दा पनि केही प्रकाशनहरू केही समयका लागि रोकिए । प्रकाशन गृहमाथि भौतिक क्षति समेत हुन पुग्यो । त्यसै गरी पत्रकारलाई माओवादी कार्यकर्ताले अपहरण गरेको भन्ने खबर पनि पत्रिकामा यदाकदा सुन्न पाइन्छ । यस्ता गतिविधिले पनि प्रेस स्वतन्त्रतालाई खतरामा पारेका छन् नि होइन र ?**

मजदुरको हडतालले कारखाना बन्द हुन्छन् । यो विश्वकै मजदुर आन्दोलनको इतिहासमा हुँदै आएको कुरा हो । आन्दोलनका बेला कारखानामा ताला लाग्नु, बन्द हुनु, मजदुर पक्राउ पर्नु, मजदुरको जागीर जानु, फेरि बहाली हुनु अनौठो कुरा होइन । मजदुर हडतालले कारखाना बन्द भएको विश्व इतिहासमै यो पहिलो घटना पनि त होइन । त्यसैले माओवादी शब्द जोडिदिएर मजदुर आन्दोलनलाई कमजोर गर्नु प्रेस स्वतन्त्रताको हितमा छैन । बरु पसिनाको वकालत गर्ने पत्रकारहरू कारखाना मालिकको पक्षमा शिष्टाचारपूर्वक उभिएको भने नेपालमा पहिलो हो । स्वतन्त्रताको अर्थ र परिभाषा के हो ? मालिकको नाफा कमाउने स्वतन्त्रता हो कि मजदुरको बाँच्न पनि पाउने स्वतन्त्रता हो ? मजदुर आन्दोलनले प्रेस स्वतन्त्रता आन्दोलनलाई खतरामा पारेको छैन, बरु मजबुत बनाएको छ । पूँजी बगाउने होइन, पसिना बगाउने वर्गको स्वाभिमान उँचो बनाएको छ । इतिहास पहिले रगत र पसिनाले लेखिन्छ । त्यसपछि स्वाभिमानी कलमले लेख्छ । मालिकको भाडामा मालिकका पक्षमा लेख्नु बोल्नु भाडाका सेनाले लडिदिनु जस्तै हो । भाडाको सेनाले विश्वको कुनै सत्ता जोगाइदिएको इतिहास छ र ? बरु स्वाभिमानी कलम र स्वाभिमानी मजदुरका ज्वालाहरू एक भए भने मालिकको होइन, श्रमिकको जित हुन्छ । श्रमजीवीहरूको जित हुनु स्वतन्त्रताको जित हुनु हो । मालिकहरू त उहिल्यैदेखि धन कमाउन, शोषण गर्न, स्वतन्त्र र मुक्त छन् । बरु प्रेस स्वतन्त्रता त मालिकहरूबाट खतरामा छ । अर्को कुरा सबै दलभित्र गैरराजनीतिक चरित्रका मानिसहरू छन् । ती मानिसहरूबाट पत्रकारमाथि हमलाहरू भएका छन् । माओवादी कार्यकर्ताबाट भएका गलत क्रियाकलापलाई त्यो पार्टीको नीति नै हो जस्तो गरेर प्रचार

भैरहेको छ । अहिले समाजका सबै मानिस कुनै न कुनै दलका निकट छन् । अन्य दलका कार्यकर्ताले प्रेसमाथि हमला गरे भने त्यो पार्टीबाट अलग्याएर हमलाकारीलाई एक व्यक्तिका रूपमा प्रस्तुत गरिन्छ । तर कोही व्यक्तिको कुनै बेला माओवादीसँग गोरु बेचेको साइनो छ र त्यसले प्रेसमाथि कुनै हमला गऱ्यो भने सिङ्गो पार्टीलाई नै दोषी भनेर विश्वव्यापी क्याम्पेनिङ हुन्छ । यो दुःखद कुरा हो । त्यसैले प्रेस स्वतन्त्रतामाथि खतरा सबै दलमा भएका गैरराजनीतिक चरित्रका व्यक्तिहरूबाट भएको छ । बरु माओवादीले आफ्ना कार्यकर्तालाई प्रेसमाथि कुनै प्रकारको नोक्सानी पुऱ्याउनु हुँदैन भनेर नियमित स्कुलिङ गर्ने गरेको छ ।

**तपाईं विभिन्न चरणमा *जन आह्वान, जन दिशा, जनादेश* लगायतका पत्रिकामा रहेर काम गर्नु भयो । यिनले गर्ने पत्रकारिता अरूभन्दा फरक थियो कि थिएन ?**

अवश्य पनि फरक थियो । यो कुरा सञ्चारमाध्यमको विषयवस्तु समीक्षक (कन्टेन्ट एनालिस्ट) ले बढी भन्न सक्छ । हाम्रो तर्क के हो भने *जनादेश, जनआह्वान, जनदिशा* जस्ता पत्रिकाले जनताका पक्षमा, स्वयंसेवी पत्रकारिता गरे । त्यहाँ कार्यरत कुनै पनि जनशक्तिले मार्क्सले भन्नुभएझैँ बाँच्नका लागि न्यूनतम पारिश्रमिक त लिए तर व्यक्तिगत पूँजीवृद्धि गर्नका लागि उनीहरूले (हामीहरूले) कहिल्यै पारिश्रमिक लिएनन् । अर्को कुरा ती पत्रिकाले जनताले उठाएको हतियार न्यायपूर्ण थियो भन्ने कुरा साहसपूर्वक सम्प्रेषण गरे जुन अरूले गर्न सकेनन् । बरु उल्टो अन्यायपूर्ण करार गर्ने प्रयास गरे । अहिले राज्य आफैँ जनताले उठाएको हतियार न्यायपूर्ण भन्न बाध्य भयो । उदाहरण अन्तरिम संविधान छँदैछ । अर्को, अन्य पत्रिका र आम सञ्चारमाध्यमले पत्रकारितालाई पत्रकारितावादका रूपमा बुझ्ने प्रयास गरे तर पूँजीवाद वा सामन्तवादको वकालत गरे । कसै-कसैले संशोधनवाद र नवसंशोधनवादको वकालत गरे । कसैले राष्ट्रियताको प्रतीक राजतन्त्र र प्रजातन्त्रको प्रतीक मक्किएको पूँजीवाद (भारत र अमेरिकाबाट आयात गर्नुपर्ने) ठाने र स्वतन्त्रता, तटस्थताको राग अलापे । तर *जनादेश, जनआह्वान, जनदिशा*ले राष्ट्रियता र प्रजातन्त्रका प्रणेता स्वयं नेपाली जनता मात्रै ठाने । पत्रकारितालाई पत्रकारितावादमा उकालेर मार्क्सवादको उचाई घटाउने काम गरेनन् । बरु मार्क्सवादको विकासमा सहयोगी भूमिमा निभाए ।

पत्रकारितावाद भनेको पत्रकारितालाई सार्वभौम विज्ञान मान्नु हो । पत्रकारिताको छुट्टै दर्शन, छुट्टै समाजशास्त्र, छुट्टै अर्थशास्त्र छ भनेर वकालत गर्नु

हो । तर पत्रकारिता हाल समाजमा अस्तित्वमा रहेका दर्शन, समाजशास्त्र, अर्थशास्त्र र तिनका भिन्न राजनीतिक धाराहरूको प्रतिस्पर्धाको ऐना हो । यो छुट्टै सत्ता, सेना, संस्कृति निर्माण गर्ने विचार पनि त होइन । यो त हाल समाजमा अस्तित्वमा भएका सत्ता, सेना, संस्कृतिको ऐना हो । विश्वमा अहिले मूलतः मार्क्सवाद र पूँजीवाद दुईओटा राजनीतिक विचारको प्रतिस्पर्धा वा लडाइँ छ । पत्रकारिता यी दुई विचार प्रतिबिम्बित हुने ऐना हो । यी दुई विचारले प्रयोग गर्ने वैचारिक हतियार पनि हो पत्रकारिता । एकथरी पत्रकारिताले निरपेक्षता, तटस्थता र स्वतन्त्रताको नाममा पूँजीवादको सेवा गर्छ । अर्कोथरी पत्रकारिताले पत्रकारितालाई सार्वभौम विज्ञान मान्दैन । निरपेक्षता र निवर्गीयताको वकालत गर्दैन । हामी पत्रकारिताको पनि पक्षधरता हुन्छ भनेर वकालत गर्छौं । पत्रकार र पत्रकारिताको विश्वभर एउटै वर्ग छैन । अमेरिकी मरिनहरूसँगै बुलेट प्रुफ ज्याकेट लगाएर, मेसिनगन र स्याट्फोन बोकेर पनडुब्बी र हवाइ युद्धपोतमा बसेर गरिने रिपोर्टिङ र दलितले इनार छुन, मन्दिर पस्न पाएनन् भनेर गर्ने रिपोर्टिङ र सोका विरुद्ध भित्रेपत्रिका छाप्ने पत्रकारको विश्वव्यापी एउटै वर्ग हुन सक्दैन । त्यसैले समाज बदल्ने विचार विज्ञान मार्क्सवाद हो । समाजको गतिलाई भ्रष्टीकरण गर्ने विचार पूँजीवाद हो । नेपालको सन्दर्भमा समाजलाई यथास्थिति र प्रतिगमनतर्फ लैजाने विचार सामन्तवाद हो । पत्रकारिता यी सबै विचारहरूको प्रतिबिम्ब हो वा प्रवक्ता हो । पत्रकारिता छुट्टै विचार होइन । पत्रकारिता छुट्टै वाद पनि होइन । फरक यही हो जस्तो लाग्छ ।

**२०५८ मङ्सिर ११ मा तपाईंलाई *जनदिशा*को कार्यालयमा काम गरिरहेको बेलामा सरकारी सुरक्षाकर्मीद्वारा पक्राउ गरियो । किन पक्राउ गरिएको रहेछ तपाईंलाई ?**

२०५८ मङ्सिर ११ गते सङ्कटकाल लाग्ने सम्भावना बढ्दै थियो । *जनादेश*को टीम पुतलीसडकमा र *जनदिशा* टीम ज्ञानेश्वरमा भोलिपल्टको (मङ्सिर १२ मङ्गलबार) प्रकाशनको तयारी गर्दै थियौं । साँझ ५ बजेतिर *जनादेश*मा हमला भयो । *जनादेश* टीम गिरफ्तार भएको थाहा भएपछि कम्प्युटर उठाएर अर्को ठाउँमा गएर काम गर्ने सोचाइले छिटोछिटो कार्यालयबाट हामी तल झऱ्यौं । टचाक्सी चढ्न लाग्दा प्रहरीले हामीलाई गिरफ्तार गऱ्यो । त्यहाँबाट सोझै महाराजगञ्जस्थित सशस्त्र प्रहरीको २ नं. गणमा लगियो । त्यहाँ *जनादेश* टीमलाई पहिल्यै पुऱ्याइसकिएको थियो । धेरै दिनसम्म हामीलाई किन गिरफ्तार गरियो भन्ने कुनै जानकारी दिइएन र कुनै सोधपुछ पनि गरिएन । पछि आतङ्ककारी

गतिविधिमा संलग्न भएको पूर्जी थमाइयो र जेल पठाइयो । १५ महिनापछि सर्वोच्च अदालतले निर्दोष भनेर रिहा गऱ्यो । हामी निर्दोष त थियौँ नै, हाम्रो गिरफ्तारी गैरकानुनी थियो भन्ने कुरा केही साथीहरूले क्षतिपूर्ति पाएबाट पनि प्रस्ट हुन्छ ।

**पछिल्लो सङ्कटकालमा तपाईं भूमिगत रूपमा पत्रकारिता गरिरहनु भएको थियो । मार्टिन चौतारीमा भएको एक छलफल कार्यक्रममा तपाईंले ओडारमा समेत प्रेस राखेर पत्रिका छाप्ने गरेको प्रसङ्गबारे चर्चा गर्नुभएको थियो । अरू कस्ता कस्ता अनुभव सँगाल्नुभएको छ त भूमिगत पत्रकारिताबाट ?**

भूमिगत कालमा अनुभूतिहरू रमाइला र गौरव गर्न लायकका सँगाल्यौँ । ओडारमा प्रेस र प्रेस सामग्री राखेर पत्रिका प्रकाशन गर्नु, हवाई हमलाकारी बीचमा प्रेस, कम्प्युटर, लगायतका प्रेस सामग्री बोकेर एक ठाउँबाट अर्को ठाउँमा लैजानु, भीषण युद्ध मोर्चाहरूमा युद्धका श्रव्यदृश्यहरू खिच्नु, युद्धभित्रै पत्रकारिता प्रशिक्षण गर्नु जस्ता अनुभव पनि सँगालियो । केही तीता अनुभूति पनि भए कि हामी काठमाडौँ फर्किंदासम्म हामीले धेरै राम्रा संवाददाताहरू युद्ध मोर्चामा गुमायौँ ।

**माओवादी युद्धलाई पत्रकारितामार्फत सघाउन तपाईंहरू कति सफल हुनुभयो त ? माओवादी नेतृत्वले तपाईंहरूको कस्तो मूल्याङ्कन गरेको पाउनुभएको छ ?**

हामी जनयुद्धलाई सहयोग गर्न एक हदसम्म सफल भयौँ । तपाईंको प्रश्नमा 'माओवादी युद्ध' भनिएको छ तर म जनयुद्ध भन्न रुचाउँछु । किनकि जनयुद्धको क्रममा माओवादी पार्टीप्रति असहमत व्यक्तिहरू पनि राजतन्त्रविरुद्ध लडेका थिए । नेतृत्व माओवादीले गरे पनि सहभागी समाजका सम्पूर्ण तह र तप्का थिए । त्यसले जनयुद्धलाई सफलताको यो विन्दुमा पुऱ्याउन र निरङ्कुश राजतन्त्रात्मक तानाशाही संसदीय फासिवादी सत्तालाई पराजित गर्न हाम्रो पत्रकारिता सफल रह्यो । अहिले अन्तरिम काल छ र, अन्तरिम सत्ता छ । यो संसदीय सत्ता पनि होइन र समाजवादीहरूको सत्ता पनि होइन ।

दोस्रो प्रश्नको उत्तरमा के भनूँ भने हाम्रो मूल्याङ्कन गर्ने जनताले हो । जनताले माया गर्छन् । त्यो नै सही मूल्याङ्कन हो । माओवादी नेतृत्वले पनि हामीलाई सम्मान गर्छ । हाम्रो निरन्तर लेखन यात्रालाई सम्मान गरेको छ । अर्को कुरा हामी अझै पनि पत्रकारिताको जोखिमपूर्ण यात्रामा नै छौँ । हाम्रो मूल्याङ्कन गर्नुपर्ने बेला भएको छैन । हामी लड्दै, सिक्दै र लेख्दैछौँ– जनताको पक्षमा ।

**तपाईंले सह लेखन/सम्पादन गरेको पुस्तक *युद्ध र पत्रकारिता*मा 'युद्धका बेला जनता र जनयोद्धाको मनोबल उँचो राख्न र जनताका दुश्मनको मनोबल गिराउन आम सञ्चारमाध्यमहरू र पत्रकारितामार्फत गरिने सबै काम युद्ध पत्रकारिता हो' भन्ने उल्लेख छ (पृ. ९४)। युद्ध पत्रकारिता प्रोपगण्डाका लागि मात्रै हो भन्ने यसको आशय हो ?**

हाम्रो परिभाषाको तात्पर्य त्यो होइन। पत्रकारिता वर्गीय हुन्छ भन्ने हाम्रो मान्यता हो। प्रेसले तानाशाहको शासनको विरोध गर्नु तानाशाहका दृष्टिकोणले पीत पत्रकारिता वा कानुनको उल्लङ्घन गर्नु हुन सक्छ। प्रेस अभिव्यक्ति स्वतन्त्रताको हतियार हो। त्यसैले यी गरिब सर्वहारा जनताको पनि हतियार हो जसरी सरकारहरू र विभिन्न शक्ति केन्द्रहरूले प्रेसलाई आफ्नो वर्गको हतियार बनाउँछन् र आफ्नो वर्गका पक्षमा प्रोपगण्डाको साधन बनाउँछन्। सर्वहाराले त्यस्ता प्रोपगण्डाको काउन्टर गर्नैपर्ने हुन्छ जसरी शासकहरूका सङ्गीनविरुद्ध जनताले पनि खुकुरी बोके। हामीले त्यसलाई न्यायपूर्ण भन्यौँ। भीषण युद्धका बेला नेपालका सरकारी मिडिया र यहाँसम्म कि स्वतन्त्र भनिन रुचाउने सञ्चारमाध्यमहरू पनि शाही सेनाका प्रोपगण्डाका साधन भएका थिए। हामीले त जनताविरुद्ध भइरहने प्रोपगण्डाको काउन्टर गर्न मात्रै सिकाएका हौँ।

**युद्धबारे प्रचारप्रसार गरेपछि युद्ध संस्कृतिलाई प्रोत्साहन गरेको भयो नि ? किन युद्ध पत्रकारिता गर्नुपर्‍यो ? युद्धको प्रसारप्रसारलाई अन्तर्राष्ट्रिय रूपमै मानवअधिकार विरोधी क्रियाकलापका रूपमा हेरिन्छ हैन र ?**

त्यसो भए सीएनएनले अफगान युद्धको प्रचारप्रसार किन गर्‍यो ? के उनीहरूले युद्ध संस्कृतिलाई प्रोत्साहन गरेका हैनन् ? के नेपालको सङ्कटकालमा नेपाली सञ्चारमाध्यम सैनिक तानाशाहीको प्रभावमा आएर जनताविरुद्धको सरकारी युद्ध संस्कृतिको पक्षपोषक बनेनन् ? अमेरिकीहरूले आणविक भट्टी सञ्चालन गरेर हरितगृह प्रभावित गर्ने ग्यास उत्सर्जन गर्छन् तर हामीलाई रूख काट्न हुँदैन भनेर वातावरण शिक्षा पठाउँछन्। हामीले आणविक भट्टीविरुद्ध लेखेका हौँ। हामीले जङ्गलमा भएका ढलेपडेका, काँडा भएका, कुहिएका अथवा जङ्गलको सुन्दरता बिगार्ने रूख काट्ने कुराको समर्थन गरेका हौँ।

**तपाईं माओवादी विचारधारा अँगालेर त्यसको पक्षमा पत्रकारितामा सक्रिय हुनुहुन्छ र नेपाल कम्युनिस्ट पार्टी माओवादीसँग निकट हुनुहुन्छ। यसरी**

**कुनै दलविशेषसँग नजिकिएपछि निष्पक्ष, वस्तुनिष्ठ, जिम्मेवार बन्न कसरी सकिन्छ त ?**

निष्पक्ष भन्ने कुरा केही पनि हुँदैन । रेडक्रस पनि निष्पक्ष छैन । दुई जना आपसमा लडिरहेका छन् भने रेडक्रस छुट्ट्याउन जाँदैन तर विचरा ढलेकोलाई मात्र स्ट्रेचरमा राखेर कुदाउँछ । त्यसैले अहिलेको समाजमा कोही पनि पत्रकार निवर्गीय हुँदैन । कुनै राजनीतिक पार्टीको समर्थन वा कार्यकर्ता नभए पनि साम्यवाद वा पूँजीवादमध्ये एक विचारको पक्षधर त अवश्य पनि हुन्छ । अभिव्यक्तिमा नभए पनि व्यवहारमा हुन्छ । त्यसैले निष्पक्षता भन्ने कुरा पनि सापेक्षित हुन्छ । अवश्य पनि माओवादी निकट हुनुको नाताले विचारमा म सर्वहारावर्गका पक्षमा र पूँजीपति, शोषक वर्गका विरुद्धमा छु । यही वैचारिक धरातलबाट पत्रकारिता गर्छु । अर्को कुरा हामी कम्युनिस्टहरू द्वन्द्वात्मक भौतिकवादी हौँ । त्यसैले वस्तुनिष्ठ, अध्ययन गर्ने हाम्रो पद्धति नै हो हामी वस्तुनिष्ठता वैज्ञानिकतामा विश्वास गर्छौं । जिम्मेवारीको कुरा गर्ने हो भने आफ्नो व्यक्तिगत सबै स्वार्थ त्यागेर हामीले करोडौँ जनताका पक्षमा स्वयंसेवी पत्रकारिता गरिरहेका हुनाले सबैभन्दा बढी जिम्मेवारीबोध हामीमा छ ।

**द्वन्द्वकालमा तत्कालीन शाही नेपाली सेनाले *गोरखापत्र*लगायत सरकारी मिडियामार्फत आफ्नो पक्षमा सूचना प्रवाह गर्थ्यो र *जनादेश* लगायत माओवादी निकट मिडियाले पनि माओवादीका पक्षमा सूचना प्रवाह गर्ने गर्थे । त्यसैले एउटै घटनाबारे यिनले दिने सूचनामा आकाश जमीन फरक हुन्थ्यो । आफ्नो रुचि अनुरूपको प्रस्तुति गर्दा त सूचनालाई बङ्ग्याएर वा बढाइचढाइ गरेर पनि लेख्नुभयो होला नि ?**

यसबारेमा मैले माथिल्ला प्रश्नमा दिएको जवाफ काफी छ । अर्को कुरा एउटै घटनाबारे *गोरखापत्र* र *जनादेश*ले दिने सूचनामा आकाश जमिनको अन्तर हुन्थ्यो । शाही सेनाले कुनै घटनामा सयौँ आतङ्ककारी मारिएका भन्थ्यो । हामीले घटनामा जे हो त्यो लेख्थ्यौँ । रेडियो नेपालले एउटा जिल्लाको जनसङ्ख्या पूरैले आत्मसमर्पण गरिसके, आतङ्ककारी सबै सिद्धिए भन्थ्यो, हामीले त्यहाँ जे भएको हो त्यही दिन्थ्यौँ । व्यक्तिगत रुचि अनुसारको प्रस्तुति गर्नुभन्दा पनि आफ्नो वर्ग पक्षधर प्रस्तुति अवश्य पनि हुन्थ्यो । सरकारले "आतङ्ककारी ठहरै" भन्थ्यो हामीले "क्रान्तिकारीको शहादत" भन्थ्यौँ । त्यसको उल्टो "सैनिक ठहरै" भन्थ्यौँ, उसले "सैनिकद्वारा वीरगति" भन्थ्यो तर दावीका साथ हामी भन्छौँ हामीले दिने गरेका सूचना सरकार र सेनाले सरकारी मिडिया वा स्वतन्त्र प्रेसलाई बाँड्ने सूचनाभन्दा वस्तुनिष्ठ थिए र छन् ।

**तपाईं संलग्न पत्रिकाहरू- *जनादेश, जनआह्वान, जनदिशा*का लक्षित पाठकहरू को थिए ? यी पत्रिकाका समाचार तथा लेखमा गह्रुङ्गा राजनीतिक शब्दावली प्रयोग गरिएको पाइन्छ । तसर्थ यसले सर्वसाधारणलाई आकर्षण गर्दैन । सरल बनाउन किन नखोजेको ?**

हाम्रा लक्षित पाठक ग्रामीण जनता, किसान, सहरका मजदूर, राष्ट्रिय उद्योगपति जनमुक्ति सेना, बुद्धिजीवीलगायत समाजका सबै तह र तप्काका व्यक्तिहरू थिए । साथै विरोधी विचार राख्नेहरू पनि थिए । हाम्रा समाचार र लेख रचनाका प्रस्तुतिमा गह्रुङ्गा राजनीतिक शब्दावलीहरू प्रयोग हुँदै आएको सत्य हो । हाम्रो विश्वास पनि के हो भने सरलता नै राम्रो कुरा हो तर हाम्रो प्रस्तुतिले सर्वसाधारणलाई आकर्षक गर्न नसकेको भन्नेमा सहमत हुन सकिँदैन । बुद्धिजीवी भनिएकालाई हामीले पढाउन सकेनौँ । उनीहरूले राजनीतिक शब्दावली बुझ्नेनन् तर नव साक्षर, अलिअलि पढेलेखेका सर्वसाधारणले भने हाम्रो प्रस्तुति मन पराए र जीवन व्यवहारमा पनि लागू गरे । हाम्रो अध्ययनले के बताएको छ भने सर्वसाधारण जनताले माइक्रोफोन र क्यामेरा अगाडि धेरै कुरा बोल्नै नजाने पनि बुझ्न र व्यवहारमा लागू गर्न सक्दछन् । जनतासँग भाषा शैली सिक्ने र सरल बनाउने हाम्रो प्रयास जारी छ ।

**माओवादी निकट रहेर मिडिया सञ्चालन गरेको लामो अनुभव छ तपाईंसँग । यसका लागि आवश्यक आर्थिक स्रोतको जोहो कसरी गरियो ?**

पहिलो कुरा त हाम्रो विचार निकटका प्रमुख पत्रपत्रिकाहरूको बिक्री सङ्ख्या सन्तोषजनक छ । दोस्रो कुरा, हामी स्वयंसेवी पत्रकारिता गर्छौं, हामी बाँच्नका लागि मात्र न्यूनतम पारिश्रमिक लिन्छौँ । व्यक्तिगत बचत गर्ने लक्ष्य हुँदैन । त्यसैले लगानी स्वाभाविक रूपमा कम हुन्छ । हाम्रो सुरु लगानीको कुरा जुन हो, त्यसमा हाम्रो प्रकाशन प्रालि हो । त्यसका सुरु लगानीकर्ताहरू थिए । लगानीकर्ताहरूले आफ्नो लगानी फिर्ता लिएनन् । हामी भूमिगत हुँदा हाम्रो खर्च झन् घट्यो । हाम्रा शुभचिन्तकहरूले पनि पैसा दिए । निःस्वार्थ हामीलाई सहयोग गर्नेहरू पनि छन् । तर हामी मुख्यतः हाम्रा पाठकहरूमै निर्भर छौँ ।

**प्रेसले प्रतिपक्षको व्यवहार गर्छ र जवाफदेहीता बढाउँछ भन्ने मान्यता छ । तर तपाईंहरूले गरेजस्तो मिसन पत्रकारितामा त्यो सम्भव छ त ? उदाहरणका लागि *जनादेश*मा माओवादीविरुद्ध लेखिएको वा माओवादीका कमजोरीलाई औँल्याएको पाइँदैन नि । यसबारे तपाईंको के भनाइ छ ?**

प्रेसले सधैँ प्रतिपक्षको व्यवहार गर्नुपर्छ भन्ने छैन । जवाफदेहिता बढाउँछ भन्नेमा सहमत छु । मिसनमा प्रतिबद्ध प्रेसले मात्रै जवाफदेहिता बढाउँछ । नाफाप्रति

प्रतिबद्ध प्रेसले अझ सत्ता प्रतिष्ठानको प्रतिपक्षमा हुन्छ भन्ने छैन । आफ्नो पूँजी जोगाउन र नाफा कमाउन सत्तासीनहरूको यो तरिकाले पक्षधर बन्नु बुर्जुवा पत्रकारिताको चरित्र हो । बरु मिसन पत्रकारिता गर्नेहरूले सम्झौता गर्नुपर्ने र जनताको हितविरुद्ध जानुपर्ने, पूँजी संरक्षणको लोभले कसैसँग झुक्नु पर्दैन । अर्को कुरा *जनादेश*मा माओवादीका विरुद्ध लेखिएको पाइँदैन भन्नुभयो । हामी माओवादी विचारप्रति प्रतिबद्ध छौँ । अहिले विश्वमा प्रयोगमा आएका सबै राजनीतिक विचारधाराहरूमध्ये माओवाद सबैभन्दा उत्कृष्ट, वैज्ञानिक विचार हो र यो विचारविरुद्ध विश्वका शक्तिकेन्द्र वैचारिक, फौजी रूपमा उत्रेका छन् तर व्यवहारमा माओवादी विचार राख्नेहरूले गरेका कमजोरीहरूप्रति हामीले विरोध जनाएनौँ भन्ने कुरा हामी स्वीकार्ने पक्षमा छैनौँ । हामीले कैले गिरीदेखि आलोक र रविन्द्रसम्मका प्रकरणमा विरोध जनायौँ । जनतालाई स्पष्ट पार्‍यौँ । अर्को कुरा, हाम्रो लक्ष्य व्यक्तिविरुद्ध नभएर गलत विचार र प्रवृत्तिविरुद्ध भएकाले हामीले नेपाली क्रान्तिको यात्रामा विकसित हुँदै जाने प्रतिक्रान्तिकारी विचार र आन्दोलन भित्रैका गलत प्रवृत्तिको त विरोध जनाएका छौँ । त्यसैले त यो आन्दोलन र विचार अरू सबैभन्दा सापेक्षित राम्रो र वैज्ञानिक छ ।

**द्वन्द्वका बेलामा माओवादी र राज्य दुवै पक्षबाट पत्रकारले समस्या झेल्नु पर्‍यो । माओवादी निकट भएकाले तपाईंहरूले माओवादीतर्फबाट पत्रकारमाथि हुने ज्यादतिलाई रोक्न केही पहल गर्नुभएको थियो कि ?**

युद्धका बेला माओवादी कार्यकर्ताबाट पत्रकारहरूले पनि समस्या झेल्नु पर्‍यो तर त्यो नियतवश थिएन भन्ने कुरामा हामी विश्वस्त छौँ । "पत्रकारलाई दुःख दिने" त्यो पार्टीको नियत हामीले कहिल्यै पाएनौँ । सँगसँगै प्रेसले युद्धकालमा कुनैकुनै प्रसङ्गमा विद्रोही शक्तिको सुरक्षा संवेदनशीलता नबुझेको पनि केही हदसम्म सत्य हो । अरूको कुरा छोडौँ– हामीले पनि माओवादी आन्दोलनलाई नोक्सान पुर्‍यायौँ । उदाहरणका लागि, हामीले असल नियतले माओवादीले सुर्खेतमा सहकारी पसल र क्लिनिक चलाएको खबर लेख्यौँ । भोलिपल्टै सेना गएर पसल, क्लिनिक जलायो, लुटपाट मच्चायो, आखिर नोक्सानी त पुग्यो नि । बरु नलेखेको भए त्यो बच्थ्यो, हुर्कन्थ्यो होला । अर्को कुरा, स्वयं हामीलाई पनि नचिनेर साधारण गाउँलेहरूले गिरफ्तार गरी हिरासतमा राखेका छन् । हामीले त्यसलाई कहिल्यै पनि तीललाई ताड बनाएनौँ । बरु ती सर्वसाधारण जनताको आफ्नो वर्ग र विचार प्रतिका प्रतिबद्धता बुझ्यौँ ।

अर्को कुरा हामीले प्रेसलाई सधैँ सम्मान गर्न दबाब दिई रह्यौँ । दैलेखमा डेकेन्द्र थापा र सिन्धुपाल्चोकमा ज्ञानेन्द्र खड्का मारिँदा विरोध जनायौँ । दैलेखमा हाम्रै पहलमा पश्चिम कमाण्ड इन्चार्ज दिवाकरले डेकेन्द्र थापालाई तुरुन्त रिहा गर्न निर्देशन पठाउनु भएको थियो तर त्यो निर्देशन समयमा पुगेन र हत्या भयो । हत्या भएपछि पार्टीले डेकेन्द्र थापाको हत्यामा संलग्नलाई कारवाही पनि गऱ्यो ।

**तपाईं 'क्रान्तिकारी पत्रकार सङ्घ नेपाल' को महासचिव हुनुहुन्छ । यसले के काम गर्छ ? पत्रकारका थुप्रै सङ्घ संस्था क्रियाशील भइरहेको अवस्थामा नयाँ सङ्गठनको आवश्यकता किन पऱ्यो ?**

क्रान्तिकारी पत्रकार सङ्घ युद्धका मोर्चामा जन्मेको संस्था हो । यो हाम्रो मिसन सँगसँगै सामन्तवाद, विस्तारवाद र साम्राज्यवाद विरोधी सबै पत्रकारको साझा मोर्चा पनि हो । युद्धकालीन समयमा हुर्केका पत्रकारहरूलाई सङ्गठित गर्न पत्रकारका अरू थुप्रै सङ्घसंस्थाले सक्दैनथे । अहिले शान्तिकालमा पनि युद्धकालमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेर विकसित चेतनाले लेस पत्रकारहरूलाई सङ्गठित गर्न सक्ने हैसियत अरू कुनै पनि पत्रकार सङ्घसंस्थाले राख्दैनन् । क्रान्तिकारी पत्रकार सङ्घले जनताको अभिव्यक्ति स्वतन्त्रता मात्र होइन, विद्रोहको अधिकारको ग्यारेन्टीका पक्षमा आफूलाई उभ्याउँछ । क्रान्तिकारी पत्रकार सङ्घले वर्ग समन्वय होइन, वर्ग सङ्घर्षलाई विश्वास गर्छ । क्रान्तिकारी पत्रकार सङ्घ हतियारको विरोध विरोधका लागि गर्दैन । अमेरिकी साम्राज्यवादले निर्माण गरेका आम विनाशक आणविक हतियारको विरोध गर्छ तर विश्वव्यापी रूपमा राष्ट्रियता र मुक्तिका लागि भइरहेका सबै सशस्त्र र शान्तिपूर्ण आन्दोलनलाई नैतिक समर्थन जनाउँछ । सँगसँगै श्रमजीवी पत्रकारका पक्षमा, जनपक्षीय मिडियाहरूका पक्षमा, मिडियालाई जनमुखी बनाउने पक्षमा, मिडिया र मिडियाकर्मीविरुद्ध हुने सबै खालका ज्यादतीविरुद्ध बोल्ने काम गर्छ ।